प्रदेश सरकार

सुदूरपश्चिम

उद्योग, पर्यटन ... रण मन्त्रालय

## उद्योग, बाणिज्य तथा ... संरक्षण निर्देशनालय

# घर भाडामा लिने ... सम्वन्धी सूचना

प्रथम पटक प्रकासित मिति २०७८ भाद्र २० गते आईतबार

प्रस्तुत विषयमा यस निर्देशनालयका लागि तपसिल अनुसारको घर भाडामा लिनुपर्ने भएको हुँदा निम्न शर्तको अधिनमा रहि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र नेपाली नागारिकताको प्रतिलिपी र घर नक्सापास भएको प्रतिलिपी सहित निम्न लिखित सम्पर्क नम्बरमा सम्पर्क राखी यस निर्देशनालयमा सिलबन्दी प्रस्ताव पेश गर्न इच्छुक सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. सार्वजनिक निकायको नाम उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, धनगढी, कैलाली ।
२. घर भाडा आवश्यक भएको स्थान: धनगढी उ.म.न.पा. वडा नं. ५ भित्र पर्ने क्षेत्रमा रहेको ।
३. पानी, बत्ती र शौचालय सहित कम्तिमा ११ र बढीमा १५ कोठा (१२X१२ फिट साइजका, केही तल माथी हुन सक्ने) सम्म भएको पक्की घर वा फ्ल्याट ।
४. घर रहेको स्थानमा सवारी साधनको पहुँच र पार्किङ स्थल समेतको व्यवस्था भएको । पार्किङ्ग स्थलमा न्यूनतम दुई वटा चार पाङ्ग्रे र चार वटा दुई पाङ्ग्रे सवारी साधन राख्न मिल्ने हुनुपर्नेछ ।
५. सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९४ को उपनियम (४) बमोजिमको समितिले निर्धारण गरेको दररेटमा मात्र घर जग्गा भाडामा लिईने छ ।
६. घर भाडामा दिन प्रस्ताव गर्ने व्यक्तिले निवेदन साथ प्रस्तावित घरको लालपूर्जा र चालु आ.व.को घरको कर बुझाएको कागजपत्र समेत पेश गर्नु पर्ने ।
७. प्रस्ताव निर्देशनालयमा बुझाउनु पर्नेछ । प्रस्ताव बुझाउने अन्तिम मिति २०७८/०५/२५ गते कार्यालय समय भित्र हुनेछ ।
८. प्रस्तावकले घर भाडाको प्रस्ताव गर्दा उपलब्ध गराउने घर र कोठाहरुको साइज सहितको सम्पूर्ण विवरण कागजात उपलब्ध गराउनु पर्नेछ ।
९. घरभाडा बापतको रकम भुक्तानी गर्दा यस निर्देशनालयले नियमानुसार लाग्ने कर कट्टा गरी सोझै बैकं खातामा भुक्तानी गरिनेछ ।
१०. ईच्छुक घरधनीहरुले सिलबन्दी प्रस्ताव यस निर्देशनालयमा सम्पर्क राखी प्राप्त गर्न सक्नेछन ।
११. प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार निर्देशनालयमा निहित रहनेछ ।
१२. घर भाडा लिंदा आ.व. २०७८/०७९ को आषाढ मसान्त सम्मका लागि सम्झौता गरिनेछ ।
१३. अन्य कुरा प्रचलित ऐन, कानून बमोजिम हुनेछ ।

कार्यालयको सम्पर्क फोन नं.:- ०९१-५२६९२८

Email:- udyognirdeshanalaya.kailali@gmail.com

नि. निर्देशक

पुनश्च:-मिति २०७८/०५/१८ गतेको घरभाडा सम्बन्धी सूचना रद्द गरिएको व्यहोरा अनुरोध गरिन्छ ।

Scanned with CamScanner